# आदर्श गाउँपालिका

गाउँसभामा प्रस्तुत गरिएको

आर्थिक बर्ष २०८३/०८४ को

# बार्षिक नीति तथा कार्यक्रम


## आदर्श गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

मौवानगरदह, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल



२०८३ साल असार १० गते

हार्दिक अभिवादन,

सभाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, गाउँकार्यपालिको कार्यालयका विषयगत शाखा प्रमुखज्यूहरु, उपस्थित सम्पूर्ण कर्मचारी, पत्रकार तथा सुरक्षाकर्मीज्यूहरु ।

यस गरिमामय सभामा आज मिति २०८३ साल असार १० गते संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सहितको नेपालको संविधान निर्माण पश्चात यस गाउँपालिकाको दोश्रो कार्यकाल अन्तर्गत १९ औं गाउँसभा अधिवेशनमा यस आदर्श गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेकी छु । बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बिभिन्न सुझाव प्रदान गर्नुहुने सम्पूर्ण आदर्शवासी आमा, बुवा, दाजुभाई तथा दिदिबहिनी लगायत विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, समाजसेवी, बुद्धिजिबिहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनितिक अग्रगमन, लोकतन्त्रको सवलिकरणका क्रममा भएका ऐतिहासिक आन्दोलन तथा हालै भएको जेन-जी आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध आदर्श गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त आदर्शवासीहरुको समृद्धिको चाहना र हामिले निर्वाचनका क्रममा हाम्रा मतदाताहरुप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामिले आगामि आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसको लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरुलाई स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय श्रोत र साधनको परिचालन गरी समावेशी, जलबायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध आदर्श गाउँपालिका र सुखी आदर्शवासीको लक्ष्य हासिल गर्न सार्वजनिक, निजि क्षेत्र, गैरसरकारी संस्था र समुदायको साझेदारीमा विकासका कार्यक्रमहरुलाई अगाडी बढाउने नीति रहेको छ ।

आदर्श गाउँपालिकालाई उत्कृष्ट धार्मिक पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ र स्वस्थ गाउँपालिकाको रुपमा विकास गर्ने, भूमिहीन तथा अव्यवस्थित सुकुम्वासीहरुको राष्ट्रिय नीति अनुरुप व्यवस्थापनमा पहल गर्ने, योजनाबद्ध रुपमा अनुशासित स्वस्थ एवं सुन्दर वस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिएको छ ।

आदर्श गाउँपालकाको आर्थिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय अवस्थालाई अगाडी राखि यसको मार्गचित्र कोर्नुपर्ने देखिन्छ । एकातर्फ वेरोजगारीको कारण विदेश पलायन हुने तथा रोजगारीको खोजिमा पहाडबाट वसाई सरी जाने परम्पराले बढ्दो रुप लिइरहेको छ भने अर्को तर्फ यस गाउँपालिकाको

CamScanner

आन्तरिक आर्थिक अवस्था ज्यादै न्यून भई आम समुदायका मागहरुलाई धान्न नसकिरहेको अवस्थामा संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय तथा बजेट व्यवस्थापनको लागि पहल गरी बेरोजगारीको अन्त्य तथा विदेश पलायनलाई रोक्न सिपमूलक तालीम तथा रोजगारमूलक व्यवसायलाई स्थापित गर्नुपर्ने देखिन्छ । अब यो जिम्मेवारी पुरा गर्न हामी सबै थप दृढ संकल्पित हुनुपर्ने अवस्थामा छौं ।

गाउँपालिकाको आर्थिक विकासको निमित्त कृषि उत्पादनमा बृद्धि गर्नुपर्ने, पशुजन्य व्यवसाय, लघु उद्योगको प्रवर्द्धन, स्थानिय सीप र साधनबाट संचालित परम्परागत व्यवसायको संरक्षण र विविधिकरण, आधारभूत पूर्वाधारको विकास तथा समुदायको सहभागितात्मक योजना निर्माण कार्यहरु अगाडी बढाउन सकेमा परिवर्तनमूखी र परिणाममूखी विकास सम्भव देखिन्छ । उत्पादनशील क्षेत्रमा इच्छाशक्ति सहित लगानी र विकासको प्रक्रियामा सबैको सहभागिता हुन सकेमात्र सफलता हासिल हुने देखिन्छ ।

हामिले सबै जात, धर्म, समुदाय, लिङ्ग, वर्णका व्यक्तिहरुको सहभागितामा आधारित गाउँपालिकाको विकास योजना तर्जुमा प्रक्रिया अबलम्बन गर्दै वार्षिक कार्यक्रम तथा आयोजनाहरुलाई संघीय सरकार र प्रदेश सरकारको मार्गदर्शन एवं योगदान र पालिकाको आन्तरिक श्रोत समेतलाई मध्येनजर गरी गाउँपालिकाका पदाधिकारीहरु, विषयविज्ञ, बौद्धिक व्यक्तित्व, दलित, महिला, अगुवा कृषक जनसमुदायसँग प्रत्यक्ष अप्रत्यक्ष भेला, भेटघाट, छलफल मार्फत लिइएको राय सुझाव एवं परामर्शको आधारमा आ.व. २०८३/०८४ को १९ औं गाउँसभाको यो नीति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास, समृद्धि तथा स्वस्थ आदर्शवासी बन्ने आधार तयार गर्नेछ भन्ने कुरामा हामि विश्वस्त रहेका छौं र यसका लागि वृहत गुरुयोजना तयार गरी व्यवस्थित र योजनाबद्ध अल्पकालिन क्षेत्रगत र दिर्घकालिन योजनाहरु निर्माण गरी साझेदारहरुको समेत खोजी गरी निर्माणको काममा अगाडी बढ्न साथ र सहयोगको लागि समेत अपिल गर्दछु ।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम बमोजिम हालसम्म भएका मुख्य मुख्य उपलब्धीहरुको वारेमा छोटकरीमा प्रस्तुत गर्न चाहन्छु :

यस गाउँपालिका अन्तर्गत रहेका ७ वटै वडाहरुमा बसोवास गर्ने करिब २५ हजार नागरिकहरुलाई सुशासनमा आधारित सहभागितामूलक दिगो विकासका कार्यक्रमहरुमा उपभोग गर्ने स्वयं नागरिकहरुको सहभागिता बृद्धि गर्नु हामि सबैको जिम्मेवारी हो । यस गाउँपालिकामा भौतिक तथा मानवीय विकासको परिदृष्य संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

CamScanner

(क) आर्थिक विकास :-

- राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कृषि क्षेत्रको विकास तथा कृषकको क्षमतावृद्धिको लागि ५० प्रतिशत अनुदानमा ४ वटा कृषक समूह तथा सहकारीहरुलाई अदुवा बेसार पकेट क्षेत्र विस्तार प्रयोजनको लागि नगद अनुदान रु. ७ लाख वितरण गरिएको छ ।
- साना तथा सिमान्तकृत कृषकहरुको जीवनस्तर सुधार्न र प्रविधिमा आधारित तरकारी खेतीको प्रवर्द्धन गर्न ७ वटै वडाका कृषकहरुलाई निशुल्क तरकारी मिनिकिट वितरण गरिएको छ ।
- सरकारी कार्यालय परिसरमा आलंकारिक विरुवा खरिद तथा रोपण कार्य अन्तर्गत गाउँपालिका परिसर, वडा नं. २ र ३ वडा कार्यालय परिसर र प्रभात मा.वि. परिसरमा विभिन्न फलफुल तथा आलंकारिक विरुवाको वृक्षारोपण गरिएको ।
- समयसापेक्ष माटो परिक्षण, आकस्मिक रोग निदानको लागि रोगनाशक एवं किटनाशक औषधि वितरण गरिएको छ ।
- प्रत्येक किसानहरुको पहिचान एवं कृषि उत्पादनको अवस्था थाहा पाउनको लागि अनलाइन प्रणालीको माध्यमबाट तथ्याङ्क प्रविष्ट गरी किसान सुचिकरण र कृषि तथ्याङ्क अध्यावधिक कार्य गरिएको छ ।
- ११ वटा घुम्ती एवं स्थलगत तालीम सञ्चालन मार्फत कृषकहरुलाई कृषि व्यवसायमा उत्प्रेरणा जगाउन सहयोग गरिएको छ ।
- कृषि व्यवसाय तथा पशुपालनमा उन्नत प्रविधि लागू गराउने कार्यमा वडागत रुपमा प्राविधिक कर्मचारीहरु परिचालन गरिएको छ।
- पशुहरुमा नश्ल सुधार गरी उन्नत जात कायम गराउन कृतिम गर्भाधान कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिएको छ ।
- पशुहरुमा देखिएका महामारी रोग नियन्त्रणका लागि नमूना परिक्षणमार्फत खोप तथा शिविर सञ्चालन गरी आवश्यक औषधीको व्यवस्थापन गरिएको छ ।
- किसानहरुलाई पशुपंछी पालनको माध्यमबाट आत्मनिर्भर बनाउने उद्देश्यले व्यवसाय विकासको लागि अभिमुखिकरण तालीम सञ्चालन गरिएको छ ।
- जिविकोपार्जन सुधारका लागि भैसिपालन विकास कार्यक्रम अन्तर्गत वडा नं. ६ को एउटा कृषक समूहलाई पशुसेवा विज्ञ केन्द्र मार्फत रु. १० लाख बराबरको अनुदान रकम वितरण गरेको छ ।
- स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम (बाखा) अन्तर्गत पशुसेवा विज्ञ केन्द्र मार्फत आदर्श गाउँपालिकाभित्रका २६ वटा कृषि पशुपन्छी फर्म तथा समूहलाई सुधारिएको गोठ निर्माण तथा उन्नत जातका बाखा खरिद गरि जिविकोपार्जन गर्ने प्रयोजनको लागि रु. ३७ लाख बराबरको अनुदान रकम वितरण गरेको छ ।

CamScanner

- सिप विकास तालीमको माध्यमबाट रोजगारी सृजना गर्न सिस्नो पाउडर तथा प्रशोधन तालीम, चैटील बनाउने एड्भान्स तालीम, होजियारी तालीम सञ्चालनबाट ३९ जना प्रशिक्षार्थीहरु दिक्षित भई उद्यमी उत्पादन तथा स्थानीयस्तरमा आधारित साना उद्योग प्रवर्द्धनमा सहयोग गरिएको छ ।
- उद्योग सञ्चालन तर्फ बिभिन्न पेशामा रोजगारी एवं आत्मनिर्भर बनाउन उद्यम घरको मर्मत तथा स्तरोन्नती गरी उद्यमीको तालीम व्यवस्थापनमा टेवा पुऱ्याएको छ ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सुचिकृत भएका १३३९ जना बेरोजगारहरु मध्ये ८० जना श्रमिकले १०० दिन बराबरको रोजगार प्राप्त गरेको र श्रमिकहरुको क्षमता विकासको लागि कार्यस्थलमा आधारित सीप क्षमता विकास र जीवन उपयोगी सीप विकास तालीम सञ्चालन गरिएको छ ।
- रोजगार सेवा केन्द्र मार्फत बैदेशिक रोजगारमा जानेहरुलाई आवश्यक परामर्श तथा पुन: श्रम स्वीकृतिको कार्य निरन्तर भइरहेको छ ।
- सुरक्षित वैदेशिक रोजगार सम्बन्धी SaMi कार्यक्रम अन्तर्गत समुदायमा आधारित १८ वटा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको ।

(ख) <u>सामाजिक विकास :-</u>

- एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरी ६० जनाको भि.आई.ए. जाँच मार्फत १० जनाको पाठ्यघरको समस्या पहिचान गरी जिल्ला अस्पताल रिफर तथा ४२५ जनाको क्षयरोगको ए.आई.बिधिद्वारा घुम्ती सेवामार्फत परिक्षण गरी उपचार गरिएको छ ।
- दहकालिकास्थान स्वास्थ्य चौकीमा वर्थीङ्ग सेन्टरको निर्माण अन्तिम चरणमा रहेको ।
- जेष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम अन्तर्गत करिब २३५९ जना जेष्ठ नागरिकहरुले एम.बि.बि.एस. डक्टरद्वारा उपचार सेवा प्राप्त गरेका छन् । जुन उपचार सेवा वडास्तरमा गरिएको थियो ।
- लक्षित वर्गको लागि तय गरिएको निशुल्क एम्बुलेन्स सेवा कार्यक्रम अन्तर्गत यो बर्ष ४९ जना गर्भवती महिला, ४ जना जेष्ठ नागरिक, ३ जना असहाय/अपाङ्ग, सवारी दुर्घटनामा परेका १० जना र महिला स्वयं सेविका ५ जना गरी जम्मा ७१ जना लाई सेवा प्रदान गरिएको छ ।
- नेपाल सरकारको नीतिद्वारा कार्यान्वयनमा आएको एच.पि.भि. खोप कार्यक्रम अन्तर्गत मापदण्डभित्र रहेका ४०० जना किशोरीहरुलाई खोप प्रदान गरिएको छ ।
- पालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा गरिएको छ ।
- गर्भवती महिलाहरुको लागि निशुल्क ग्रामिण अल्ट्रसाउण्ड कार्यक्रम सञ्चालन गरी ९०० पटकको परिक्षण मार्फत लक्षित वर्गले सेवा प्राप्त गरेको ।

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज र सरल बनाउन सोझै लाभग्राहीको खातामा जम्मा हुनेगरी EFT प्रणालीको निरन्तरता रहेको छ ।
- बैङ्कसँगको सम्झौता अनुसार सामाजिक सुरक्षा भत्ता घुम्ति शिविर मार्फत प्रत्येक वडामा गई वितरण गरिएको छ ।
- विद्यालय शिक्षालाई समायानुकुल प्रभावकारी एवं व्यवस्थित बनाउन शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई बिभिन्न बिषयको क्षमता विकास तालीम सञ्चालन गरिएको छ ।
- बार्षिक शैक्षिक कार्यपात्रो निर्माण गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गरी शैक्षिक क्रियाकलापलाई चलायमान गरिएको छ ।
- खेलकुद क्षेत्रको विकास तथा खेलाडीहरुको बृत्तिविकासका लागि स्थानीय तह तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, तेस्रो खुल्ला अध्यक्ष कप भलिबल, वडास्तरीय क्रिकेट प्रतियोगिता सञ्चालन गरिएको तथा विभिन्न स्थानमा सञ्चालन भएका खेलकुद प्रतियोगिताहरुमा पालिकाभित्रका खेलाडीहरुलाई उपस्थिति गराईंदै आइएको छ ।
- खेलकुद क्षेत्रलाई चलायमान तथा विद्यालयस्तरमा खेलाडीको बृत्तिविकास एवं क्षमता विकास गर्ने उद्देश्यले खेलकुद शिक्षक तालीम सञ्चालन गरिएको छ ।
- महिलासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत अति विपन्न, दलित, एकल, असहाय र सुत्केरी महिलाहरुलाई ५०० थान न्यानो कपडा वितरण गरिएको छ ।
- समाजमा बिद्यमान कुरीति, कुप्रथाका रुपमा रहेको लैङ्गिक तथा जातिय भेदभाव, छुवाछुत, छाउपडी प्रथा, बालविबाह, घरेलु हिंसा जस्ता अपराधिक विषयको नियन्त्रण तथा रोकथामका लागि सडक नाटक, बक्तृत्वकला, अभियान र्‍याली, आत्मरक्षा तालीम एवं सशक्तिकरण तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- बाल उद्धार कोष मार्फत अति विपन्न, दलित, टुहुरा, हिंसा, शेषण र विपदमा परेका बालबालिकाहरुलाई आर्थिक सहायताका साथै अन्य राहत सामग्री बितरण गरिएको छ ।
- गाउँपालिका अन्तर्गत मौवा स्वास्थ्य चौकीमा एम.बि.बि.एस. डक्टर सहितको विशेषज्ञ उपचार सेवालाई निरन्तर रुपमा सञ्चालन गरिएको छ ।
- अपाङ्ग शिविर सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग परिचय पत्र बितरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइएको छ ।

(ग) **पुर्वाधार विकास :-**

आदर्श गाउँपालिकाको विकासमा पूर्वाधार विकासको लागि आ.ब.२०८२/०८३ मा आवश्यक बजेट बिनियोजन गरि पूर्वाधार निर्माण कार्यलाई अगाडी बढाइएको थियो । सोको मुख्य मुख्य बिबरण प्रस्तुत गर्न चाहन्छु ।

५

- ३० करोडको लागतमा निर्माणाधिन रहेको १५ शैया अस्पतालको निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको क्रममा रहेको छ ।
- ५६ लाखको लागतमा वडा नं.७ को वडा कार्यालय भवनको दोश्रो चरणको निर्माण कार्य सुचारु भई अन्तिम चरणमा रहेको छ ।
- ५६ लाखको लागतमा वडा नं. २ अन्तर्गत पालिकास्तरीय खेल मैदानको दोश्रो चरणको निर्माण कार्य सम्पन्न भएको छ।
- ३५ लाखको लागतमा कोपा सिंचाई आयोजना निर्माणाधिन रहेको छ ।
- ५० लाखको लागतमा नगरदह जलाधाम शिवालय पर्यटकीय पूर्वाधारको दोश्रो चरणको निर्माण कार्य भइरहेको छ ।
- ४५ लाखको लागतमा देहिमाण्डौं दुर्गामाता पर्यटकीय पूर्वाधारको दोश्रो चरणको निर्माण कार्य भइरहेको छ ।
- २ करोड ५४ लाखको लागतमा मौवा लामिखाल सडकलाई पक्की सडकमा परिणत गर्न पहिलो चरणको निर्माण कार्य भइरहेको छ ।
- १ करोड २५ लाखको लागतमा मौवा गिरीचौका बझाङ्ग सडकको तेस्रो फेजको निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।
- उपभोक्ता समिति मार्फत निर्माणाधिन रहेका योजनाहरुको निर्माण कार्य सम्पन्न भई फरफारकको क्रममा रहेका छन् ।

(घ) <u>वातावरण तथा विपद् व्यवस्थापनः-</u>

- गाउँपालिका तथा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापनको कार्यमा आवश्यक राहत कोष समेतको व्यवस्था गरी छिटो छरितो सम्पादन भएको छ ।
- विपद् कोषमा बिनियोजित रकमबाट १०० थान पाल खरिद गरी वितरण गरिएको छ ।
- विपद् कोषबाट आवश्यकता अनुसार आर्थिक सहयोग प्रदान गरिएको छ ।
- बाढि पिडित तथा भुकम्प प्रभावितको तथ्याङ्क संकलनमा छुट भएका घरहरुको पुनः तथ्याङ्क संकलनको कार्य सम्पन्न गरी सम्झौता मार्फत कार्यान्वयन भएको छ ।

(ङ) <u>संस्थागत विकास, सेवा प्रवाह र सुशासनः-</u>

- सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार स्टाफ मिटिङ्ग तथा अध्यक्ष उपाध्यक्षसँग शाखा प्रमुखहरुको मिटिङ्गको व्यवस्था गरिएको छ ।
- बार्षिक रुपमा भएका कामकारवाहीको जनस्तरमा पारदर्शि बनाउन वडागत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाइएको छ ।

- सेवा प्रवाहका काम कारवाहीलाई छिटो छरितो र प्रभावकारी बनाउन अनलाइन प्रणालीको विकास गरिएको छ । जसअन्तर्गत आर्थिक प्रशासन शाखामा सुत्र, जिन्सि शाखामा पाम्स, EFT मार्फत भुक्तानी प्रणाली, ई-बिडिङ्ग मार्फत योजना कार्यान्वयन, ई-बिडिङ्ग मार्फत सामग्री खरिद आदि ।
- खरिद समितिको गठन गरी एकद्वार प्रणाली मार्फत खरिद सम्बन्धी कार्यहरु सुरुवात गरिएको छ ।
- कर्मचारीहरुको नियमित उपस्थितिलाई सुशासन एवं सेवा प्रवाहसँग जोड्न ई-हाजिरीको व्यवस्था गरिएको छ।

(च) न्यायीक क्षेत्र :-

- प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी न्यायीक समितिले स्थानीय न्याय सम्पादनको कार्यहरु निरन्तर गरिरहेको छ ।
- न्यायीक समितिको सचिवालय मार्फत न्याय सम्पादन सम्बन्धि कार्यविधि/ऐन निर्माणका कार्यहरु निरन्तर भईरहेका छन् ।
- वडाहरुमा मेलमिलाप केन्द्रको स्तरोन्नती तथा प्रशासनिक कार्यको सबलिकरणको लागि मेलमिलापकर्ताहरुको क्षमता विकास तालीम सञ्चालन गरिएको छ ।
- न्यायीक समितिको अधिकार क्षेत्रभित्र पर्ने विवादहरुको निरुपण गर्ने कार्य प्रभावकारी ढंगबाट अगाडी बढेको छ ।
- यो वर्ष हालसम्म न्यायीक समितिमा दुइ वटा उजुरीहरु दर्ता भई फछ्र्यौटको प्रक्रियाको क्रममा रहेका छन् ।

आदरणीय सभाध्यक्षज्यू,

हाम्रो गाउँपालिकाको सर्वाङ्गिण विकास सरकारी प्रयासले मात्रै सम्भव नभइरहेको कुरा हाम्रो सामु छर्लङ्गै रहेको छ । बजेटको उपलब्धता र खर्चमा गैर सरकारी क्षेत्रको पनि उत्तीकै योगदान रहँदै आएको छ तथापी यहाँको भौतिक, आर्थिक तथा मानवीय विकासमा मागका आधारमा तुलनात्मक उपलब्धी हासिल गर्न नसकिएको यथार्थलाई समेत नकार्न सकिन्न । आफुसँग भएको श्रोत साधन तथा संघ र प्रदेश सरकार एवं अन्य संघसंस्थाहरुबाट प्राप्त आर्थिक योगदानको सदुपयोग गर्दै पूर्वाधार विकासको सवालमा उपभोक्ता समिति तथा निर्माण कम्पनिहरु मार्फत निर्माणका कार्यहरुलाई सम्पादन गरी गुणस्तरमा समेत ध्यान दिइदै आइएको छ । आयोजना निर्माण कार्य पश्चात त्यसको दिगोपनाको लागि उपभोग गर्ने उपभोक्ता समितिको भूमिका प्रभावकारी हुन नसकेको कारण निर्मित पूर्वाधारहरुको संरक्षण तथा मर्मत सम्भार हुन नसक्दा चाँडै जिर्ण हुन गएको, आयोजनाहरुको छनौटमा समेत ध्यान दिन नसक्दा कार्यान्वयन तहमा समस्या उत्पन्न भई समाजमा नविन विकासको सकारात्मक प्रभाव पार्न नसकिएको हुँदा अब उप्रान्त योजना/कार्यक्रम छनौट र निर्मित पूर्वाधारहरुको संरक्षण एवं मर्मत सम्भारको क्षेत्रमा हामि सबैको दृढ भुमिका हुनुपर्ने अपरिहार्य भएको छ ।

गाउँपालिकाको सर्वाङ्गिण क्षेत्रलाई सभ्य, अनुशासित, सुशासनयुक्त, प्रभावकारी सेवा प्रवाहमुखी बनाउन हामि सबै पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, नागरिक समाज, पत्रकार, बुद्धिजिवि, समाजसेवी, शिक्षक, आमजनसमुदाय सबैको कर्तव्य हो । विगतमा भएका कमी कमजोरीहरुको समिक्षा तथा राम्रा कुराहरुको अनुशरण गर्दै आगामी दिनको सफल खाका कोर्न आर्थिक वर्ष २०८३/०८४ का लागि तपसिल बमोजिमका उद्देश्य सहितका लक्षित कार्यक्रम तथा नीतिहरुलाई अगाडी सारिएको छ । जुन प्रस्तुत गर्न चाहन्छु ।

उद्देश्य :

- महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण ।
- स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्ने ।
- रोजगारीमूलक सिर्जनात्मक कृयाकलाप तथा उद्यमशीलतामार्फत गरिबी न्यूनीकरण र आयआर्जन बृद्धि।
- गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने ।
- सुशासन, पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्ने ।
- सन्तुलित एवं दिगो पूर्वाधार विकासमा जोड दिने ।
- कृषि र पशुपालनमा प्रविधिमैत्री आधुनिकीकरण ।

१. आर्थिक विकास तर्फ :

कृषि तथा पशुपालन

- कृषि विकास शाखा, पशु विकास शाखा र उद्यम विकास शाखाको समन्वयमा पालिकास्तरीय रैथाने बाली संरक्षण, प्रवर्द्धनका लागि बजार सुनिश्चित गर्न कोशेली घरको व्यवस्थापन गरिनेछ ।
- कृषि विशेषज्ञको राय परामर्शमा व्यवसायमूखी खाद्यान्न तथा नगदे बाली उत्पादनमा आवश्यक उपचार सहितको व्यवस्थालाई विशेष प्राथमिकता दिइने छ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि सिंचाई सुविधाको प्रवर्द्धनसँगै मल, बिउँ, किटनासक औषधीको उपलब्धतामा सहजिकरण गरिने छ ।
- किसानको लागत मूल्यको सुरक्षाको प्रत्याभूत एवं सुनिश्चितताको लागि कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहित गरिने छ ।
- स्थानिय स्तरमा सहज उपलब्ध हुने कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्द्धन गर्न सीपमूलक तालीमको व्यवस्था गरीने छ ।
- अनुदानमा आधारित कृषि औजार, बिउविजन, मिनिकिट वितरण एवं पशुपालन कार्यक्रमलाई प्रभावकारी रुपमा प्राथमिकताका साथ लागू गरिने छ ।

CamScanner

- अनुदानमा आधारित साना सिंचाई कार्यक्रमको माध्यमबाट व्यक्तिगत तथा समूहगत कृषकहरुलाई सिंचाई संरचना, थोपा सिंचाई एवं प्लाष्टिक घर निर्माणमा सहयोग गरी कृषि आधुनिकरण प्रणालीको विकास गर्दै एक घर एक करेसाबारी अवधारणा लागू गरिनेछ ।
- कृषि उत्पादनलाई उपभोक्ता वा बजारसम्म पहुँचको लागि कृषि एम्बुलेन्स तथा ढुवानी अनुदान व्यवस्थाको लागि पहल गरिनेछ ।
- कृषि तथ्याङ्क व्यवस्थापन, किसान सूचिकरण तथा दर्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशु स्वास्थ्य सिविर, कृतिम गर्भाधान सेवा, घाँस विकास तालीम तथा अगुवा कृषक तालीम सञ्चालन गरी जनताको जिवनस्तरमा सुधार ल्याइने छ ।
- प्रबिधिमा आधारित खाद्यान्न वालीको उन्नत विउँ उत्पादन गर्न अनुसन्धान केन्द्रसँगको समन्वयमा कृषकहरुमार्फत उत्पादन भएको विउँलाई समुदायस्तरमा विस्तार गरिनेछ ।
- प्राप्त श्रोत साधन  अनुरुप सिंचाई कूलो, पोखरी तथा कृषि सडक निर्माण तथा मर्मत सम्भारमा जोड दिइने छ।
- कृषि प्राविधिकको माध्यमबाट वडास्तरसम्म आवश्यक सेवा विस्तारलाई निरन्तरता दिइने छ ।

पर्यटन

- गाउँपालिकाभित्र रहेका धार्मिक, साँस्कृतिक तथा प्राकृतिक पर्यटकीय क्षेत्रहरुको भौतिक संरचना निर्माण, संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- होमेस्टे तथा ग्रामिण पर्यटन विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक रणनीति तयार गरिनेछ ।
- स्थानीय कला, संस्कृति तथा परम्पराको संरक्षणमा विशेष भुमिका खेलिनेछ ।

उद्योग, व्यवसाय तथा रोजगार

- विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेकाहरुसँग रहेको सिपको बिबरण समेतलाई रोजगार सेवा केन्द्रमा अध्याबधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजिकरणको व्यवस्था गरिने छ ।
- स्थानीयस्तरमा रोजगारी अभिबृद्धि गर्न अन्य सरकारी तथा गैर सरकारी निकायहरुसँगको समन्वयमा सीपमूलक तालीम कार्यक्रम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिइनेछ ।
- सम्बन्धित निकायको सहयोग र सहकार्यमा बजार अनुगमन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ ।
- युवा वेरोजगारलाई कम गर्न गाउँपालिकाभित्रका सम्भावित क्षेत्रहरुमा बाख्रापालन, कुखुरापालन, बंगुरपालन तथा फलफुल खेति सञ्चालन गर्न किसानलाई प्रोत्साहित गरिने छ ।

CamScanner

- व्यवसायमूलक उत्पादनका कार्यक्रमहरुलाई प्राथमिकता दिई दलित, महिला लगायत्त पिछडीएका वर्गहरुको उत्थानको लागि सशक्तिकरण कार्यक्रममार्फत आय आर्जनका कृयाकलापहरुलाई अगाडी बढाइने छ ।
- स्थानीय श्रोत साधनमा आधारित लघु घरेलु तथा साना उद्योग प्रवर्द्धनमा जोड दिइने छ ।
- रोजगारमा आधारित सीपमूलक तथा व्यवसायीक तालीमलाई निरन्तरता दिइने छ ।
- पालिकाको आन्तरिक श्रोत बृद्धिका लागि करका शिर्षक र दरका आधारमा राजश्व संकलन गर्न सम्बन्धित निकाय, संघसंस्थाहरुसँग समन्वय, सहकार्यमा आवश्यक राजश्व साँझेदारी नीति अबलम्बन गरिने छ ।
- स्थानीय स्रोत साधनमा आधारित "एक वडा एक उद्योग" अवधारणा लागू गरिनेछ ।

२. सामाजिक विकास तर्फ :

गाउँपालिकावासीमा सामाजिक विकास चेताना, शिक्षा, समावेशी विकास, स्वास्थ्य पहुँच जस्ता कुराहरुलाई प्राथमिकता दिनुपर्ने आवश्यकतालाई महसुस गरी उल्लेखित क्षेत्रको विकास मार्फत समग्र समाज विकासको लागि तपसिल बोजिमका नीति तथा कार्यक्रम अख्तियार गरिएको छ ।

<u>शिक्षा तथा खेलकुद</u>

- बिद्यार्थी शिक्षक अनुपातको आधारमा शिक्षक दरवन्दीलाई व्यवस्थित गर्दै लगिने छ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत सार्वजनिक तथा सामूदायीक विद्यालयहरुको भौतिक पूर्वाधारको निर्माण, मर्मतसम्भार तथा शिक्षक क्षमता विकास तालीम सञ्चालनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- व्यवसायमूलक शिक्षाको अबधारणा आजको आवश्यकता भन्ने नारालाई आत्मसात गर्दै पालिकाभित्र प्राविधिक शिक्षालय स्थापनाको लागि विशेष पहल गरिने छ ।
- शिक्षाको गुणस्तर कायम तथा स्तरोन्नतीको लागि विद्यालय प्रधानाध्यापकसँगको कार्य सम्पादन सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- विद्यार्थीहरुको गुणस्तर मापन गरी ज्ञान अभिबृद्धि गर्न अन्तर विद्यालय परिक्षा सञ्चालन गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- सामुदायीक विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन जोड दिइने छ ।
- गाउँपालिकाभित्रका विपन्न गरिब, पिछडिएका वर्गका जेहेन्दार विद्यार्थीहरुले प्राविधिक शिक्षा, पाइलट, डाक्टर (चिकित्साशास्त्र) अध्ययन गर्न चाहेमा निजहरुलाई मापदण्डको आधारमा आर्थिक सहयोगको नितिलाई निरन्तरता दिइने छ ।
- नमूना विद्यालयको अवधारणालाई निरन्तरता दिइनेछ ।

- पालिकास्तरीय खेलकूद मैदानलाई व्यवस्थित रुपमा निर्माण सम्पन्न गरिने छ र खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुसँगको समन्वयमा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन मार्फत खेलकुद विकासमा प्रतिफल हासिल गर्न आवश्यक व्यवस्था गरिने छ ।
- विद्यालयस्तरमा खेलकुद क्रियाकलाप विस्तार गर्न मार्सल आर्टस् तर्फका इभेन्टहरुलाई समेत प्राथमिकता दिइनेछ।
- खेलकुदमा महिला सहभागिता बढाउने र खेलकूदप्रति आकर्षण बढाउन पालिकाभित्र वसोबास गर्ने प्रदेश तथा जिल्लास्तरका खेलकुद प्रतियोगिताबाट पदक प्राप्त गरेका महिला खेलाडीहरुलाई सम्मान गरिनेछ ।
- गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यालयका खेल शिक्षकहरुलाई समेत सम्मान गरिनेछ ।
- SEE र कक्षा ८ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी र विद्यालयलाई सम्मान गरिने छ ।

स्वास्थ्य सेवा

- १५ शैया अस्पतालको भौतिक निर्माणका कार्यहरु सम्पन्न भइसकेको अवस्थामा सहयोगी संस्था निक साइमनसँगको साँझेदारीमा आ.ब. २०८३/०८४ को सुरुवातबाटै अस्पताल सञ्चालन गर्ने र सोको लागि चाहिने आवश्यक जनशक्ति तथा स्रोतसाधनको व्यवस्थापन गरिनेछ ।
- जेष्ठ नागरिक तथा अशक्त व्यक्तिहरुको स्वास्थ्यलाई ध्यान दिन होम स्वास्थ्यको माध्यमबाट चेकजाँच गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य नै मूल धन हो भन्ने कुरालाई आत्मसात गर्दै निशुल्क विशेषज्ञ सेवा, ई.सि.जि.सेवा, आँखा शिविर सेवा तथा डेण्टल शिविर सेवा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाइबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्यसँग सम्बन्धित सेवाहरु र उपचारात्मक सेवाहरुको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको उचित व्यवस्थापन गरिने छ ।
- आपत्कालिन रुपमा विकास भएर आउने विभिन्न सर्ने, नसर्ने रोगको तत्काल रोकथाम तथा नियन्त्रणको लागि आपत्कालिन सेवा कोषको व्यवस्था गरिने छ ।
- स्वास्थ्य सेवालाई गाउँ, टोल, घरसम्म प्रभावकारी रुपमा सञ्चालन गर्न महिला स्वास्थ्य स्वयंसेविका परिचालनलाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।
- सुनौला हजार दिनका आमा तथा शिशुहरुको स्वास्थ्य संरक्षणको लागि आवश्यक नीति अवलम्बन गरिने छ ।
- प्रत्येक स्वास्थ्य चौकीहरुलाई ल्याब सुविधा सहितको बनाई उपचार पद्धति लागू गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

- एच.आइ.भि.संक्रमितहरुको स्वास्थ्य उपचार सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- अध्यक्षसँग जेष्ठ नागरिक कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्यकर्मीहरुलाई समयानुकूल तालीमको व्यवस्था गरी उपचार पद्धतिलाई थप सुदृढ बनाउँदै लगिने छ ।
- स्वास्थ्यसंस्थाहरुमा निशुल्क गर्भपतन सेवा सञ्चालनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- घरघरमा पानी शुद्धिकरण गर्न पियुष वितरण कार्यलाई प्रभावकारी रुपमा लागू गरिने छ ।
- गाउँपालिका अन्तर्गत स्थापना भएका नीजि क्लिनिक, पोलिक्लिनिकहरुलाई जिम्मेवारीबोधका साथ व्यवस्थित रुपमा सञ्चालन गर्न दर्ता प्रक्रियामा ल्याउने कार्यलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रममा दिंदै आएको यातायात तथा उत्प्रेरणा भत्तालाई निरन्तरता दिइने छ ।
- पालिकालाई प्लाष्टिक मुक्त बनाउन प्लाष्टिक रहित झोला निर्माणको लागि आवश्यक तालीम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- दीर्घरोगिहरु (क्यान्सर, मृगौला पिडित, मुटु रोगि) लाई नेपाल सरकारको निति अनुरुप उपलब्ध हुन आर्थिक सहयोग कार्यलाई निरन्तरता दिइने छ ।
- यस आदर्श गाउँपालिकालाई कुपोषणमुक्त बनाउन स्वास्थ्य, शिक्षा, कृषि, पशुसेवा, खानेपानी तथा सरसफाई, महिला तथा वालवालिका र संस्थागत सुशासनको क्षेत्रमा बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमिकताका साथ लागू गरिने छ ।

<u>महिला, वालवालिका तथा सामाजिक समावेशीकरण</u>

- गाउँपालिकामा बालमैत्री स्थानीय शासनको प्रभावकारी रुपमा लागू गर्न बालमैत्री कार्यक्रमहरुलाई प्राथमिकता दिई सम्पूर्ण सरोकारवाला पक्षहरुको सहयोगमा पहिलो चरणमा प्राथमिकतामा परेका तीन वटा वडाहरुमा बालमैत्री स्थानीय शासन घोषणा गरिने छ ।
- विपन्न तथा पीछडिएका समुदायमा आधारित बिभिन्न आत्मनिर्भरमूखी सीपमूलक तालीमको व्यवस्था गरिनेछ।
- महिला, दलित, अपाङ्ग तथा विपन्न वर्गका लागि सहभागितामूलक सशक्तिकरण कार्यक्रमहरुको सञ्चालनलाई निरन्तरता दिइने छ ।
- आदर्श गाउँपालिका अन्तर्गतका बालिकाहरुलाई दिइदै आएको आत्मरक्षा सम्बन्धि तालीमलाई निरन्तरता दिइने छ ।
- व्यक्तिगत घटना दर्ता अभियान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- समाजमा विद्यमान जातीय छुवाछुत तथा छाउपढी प्रथा, बालविवाह, घरेलु हिंसा र बाल दुर्व्यवहार अन्त्यको लागि आवश्यक अन्तर्क्रियात्मक अभियान संचालनलाई निरन्तरता दिइने छ ।

- महिलाहरुको जीवनस्तरमा सुधार ल्याउने उद्धेश्यले लागू भएको उपाध्यक्षसँग महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- जोखिममा परेका बालवालिकाहरुको उद्धार तथा आपतकालिन सहयोगको लागि "बाल कल्याण कोषलाई" निरन्तरता दिइने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क अध्याबधिक तथा पुनरावलोकन गर्न आवश्यक व्यवस्था गरिने छ।
- घुम्ति सेवा मार्फत प्रत्येक वडाहरुमा सामाजिक सुरक्षा वितरण शिविरलाई निरन्तरता दिइने छ ।
- किशोरीसँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थाको प्रेषण कार्डको आधारमा जेष्ठ नागरिक, गर्भवती महिला तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि निशुल्क एम्बुलेन्स सेवा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३. पूर्वाधार विकास तर्फ :

गाउँपालिका अन्तर्गत स्वास्थ्य, शिक्षा, यातायात, पर्यटन, खानेपानी, सिंचाई आदि विविध क्षेत्रका पूर्वाधार निर्माणको लागि आवश्यकता अनुरुप वजेट विनियोजन गरिनेछ र जसमध्ये भुक्तानी दिन बाँकी निर्माणाधिन अधुरा योजनाहरुको पूर्णतालाई प्राथमिकता दिइनेछ ।

<u>सडक, यातायात एवं विद्युत</u>

- मुख्य सडक देखि पालिकासम्म जोड्ने सडकको स्तरोन्नती गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका मुख्य तथा शाखा सडकहरुको मर्मत सम्भारको लागि तथा आकस्मिक रुपमा आइपर्ने समस्या समाधानका लागि आवश्यक समपूरक कोष, मर्मत सम्भार कोष तथा आकस्मिक कोषको व्यवस्था गरी सडक स्तोन्नती एवं छिटोछरितो यातायात सुचारु गरिने कार्यको निरन्तरता दिइनेछ ।
- गौरबका आयोजना निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारसँग वजेट व्यवस्थापनको लागि पहल गरिने छ र साँझेदारी नीति अनुरुप अगाडी बढाइने छ ।
- डि.पि.आर.भईसकेका आयोजनाहरुलाई प्राथमिकताको आधारमा दिगो विकासको लक्ष्य अनुरुप निर्माणको क्रममा लगिने छ ।
- गाउँपालिका अन्तर्गत विकास निर्माणका कार्यमा भूक्षय नहुने गरी वायोइन्जिनियरिङ्ग मार्फत अगाडी बढाउने कार्यमा जोड दिइने छ ।
- सडकको अधिकार क्षेत्रभित्र बनेका घर टहराहरु हटाउन पुन: सडक क्षेत्र निर्धारण गरी सडक स्तरोन्नती गर्ने कार्यलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।

- गाउँपालिकाभित्र अझै पनि राष्ट्रिय प्रशारण लाइन मार्फत विद्युत लाइन नपुगेका बस्तीहरुमा बिजुली बत्ति पुऱ्याउन आवश्यक पहल गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- वैकल्पिक उर्जा प्रवर्द्धनका कार्यक्रमहरुलाई आवश्यकता अनुसार अगाडी बढाइने छ ।

खानेपानी तथा सरसफाई

- आदर्श गाउँपालिकालाई खानेपानी समस्या मुक्त गर्न निर्माणाधिन रहेको वृहत खानेपानी योजनालाई समयमै सम्पन्न गर्न आवश्यक सहयोगका साथै थप खानेपानी सम्बन्धि अन्य थप कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- गाउँपालिका अन्तर्गत खानेपानी पहुँच बढाउन खानेपानी संरचना, वृहत खानेपानी संरचना, लिफ्टिङ्ग खानेपानी संरचना निर्माण कार्यक्रमहरुलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

भवन तथा पुल निर्माण

- कोल्ड स्टोर निर्माण गर्न सम्भाव्यता अध्ययनसँगै निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- तोकिएको मापदण्ड अनुरुप भूकम्प प्रतिरोधात्मक भवन निर्माण गर्ने व्यक्तिलाई गाउँसभाबाट सम्मान तथा पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- योजनाहरुको छनौट गर्दा प्राविधिक लागत अनुमानको आधारमा गरिने र उपभोक्ता समितिबाट निर्मीत योजनाको मर्मत सम्भारको जिम्मा सम्बन्धित उ.स.लाई नै दिने नीतिलाई निरन्तरता दिइने छ ।
- प्रदेश सरकारबाट कार्यान्वयन गरिने साइलीगाड सडक पुल र तलारा ढूंगाड जोड्ने झोलुङ्गे पुल निर्माणको कार्यमा स्थानीय सरकारबाट गर्नुपर्ने सहयोग प्रभावकारी रुपमा गरिनेछ ।
- गाउँपालिका अन्तर्गत सरकारी, गैरसरकारी निकाय सम्बद्ध भवनहरु निर्माण गर्दा नक्सा पास गर्ने प्रणालीलाई निरन्तर अवलम्बन गरिने छ ।
- निर्माणको क्रममा रहेको वा नयाँ बन्ने भवन/घरहरुमा **"एक घर पाँच विरुवा"** नीति अवलम्बन गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकाभित्र बन्ने नयाँ सार्वजनिक वा सरकारी भवनलाई अपाङ्गमैत्री र बालमैत्री बनाउन प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- पुराना घरहरुको अभिलेखिकरण र नयाँ घरको दर्ता गर्ने प्रक्रियालाई प्रभावकारी रुपमा लागू गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने नयाँ घर निर्माण गर्नुपूर्व कार्यालयको अनुमति लिनुपर्ने प्रावधानलाई लागू गरिने कार्यलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

४. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ :

विपद् रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रमहरु सञ्चालन गर्न स्थानिय विपद् कोष स्थापना गरी आवश्यक बजेट विनियोजन गरिने छ । विपद् व्यवस्थापनका लागि तपसिल बमोजिमका थप कार्यहरु पनि गरिने छ ।

- गाउँपालिका अन्तर्गतका मुख्य सडकहरुको दायाँ बायाँ वृक्षारोपण गरी संरक्षणका कार्यक्रमहरुलाई अगाडी बढाइने छ ।
- बैज्ञानिक पद्धतिबाट वन जंगलको संरक्षण तथा सुकेका पानीका मुहान पुनर्जिवित गर्नका लागि जलाधार संरक्षणका कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ ।
- सरकारी वन तथा सामुदायीक वन संरक्षणको राष्ट्रिय नितिलाई आत्मसात गरिने छ ।
- वन जंगल अतिक्रमण गरी घर टहरा निर्माण गर्ने प्रबृत्तिलाई निरन्त्रण गर्न आवश्यक नीति अवलम्बन गरिने छ ।
- पूर्वाधार निर्माणका कार्यहरु गर्दा विपद् जोखिम न्यूनीकरण मापदण्ड अनुरुप प्राविधिक डिजाइन र इष्टिमेट अनुसार गर्ने व्यवस्था मिलाइने छ ।
- वन जंगल संरक्षण र सम्बर्द्धनको लागि वन कार्यालयहरुसँग आवश्यक समन्वय गरी कार्य गरिनेछ।

५. न्यायीक क्षेत्र तर्फ :

- स्थानीय सरकार मातहत रहेको न्यायीक समितिको क्षेत्राधिकारभित्रका उजुरीहरुको सुनुवाई, सहजिकरण र निर्णय प्रक्रियामा लैजाने कार्यहरु निरन्तर रहने छ ।
- न्यायीक समितिबाट सम्पादन भएका कार्यहरुको डिजिलाइजेशन गरि अभिलेख राख्ने कार्यलाई निरन्तरता दिइने छ ।
- न्यायीक समितिलाई थप प्रभावकारी बनाउन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ र कानूनी सल्लाहकारको आवश्यकताको लागि नियमानुसार पहल गरिने छ ।
- वडास्तरीय मेलमिलापकेन्द्रहरुको स्तरोन्नती गरी कार्यरत जनशक्तिको बृत्तिविकासको लागि तालीमको व्यवस्थाको माध्यमबाट विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाइदै लगिने छ ।
- सामुदायीक मेलमिलापकर्ताहरुको प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- न्यायीक समितिबाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयनमा आधारीत रही समयानुकुल आवश्यक पर्ने ऐन/कार्यविधि निर्माणका कार्यहरुलाई निरन्तरता दिइने छ ।
- मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि चेतनामूलक कार्यक्रमहरुको सञ्चालनलाई प्राथमिकतामा राखिने छ ।

१५

- आदर्श गाउँपालिका तथा न्यायीक समितिसँग सम्बन्धित ऐन/कानून/कार्यविधि/निर्देशिकाहरुको आवश्यकता अनुसार संशोधन, परिमार्जन र एकिकरण गर्दै लगिने छ ।
- समयानुकुल मेलमिलापकर्ता, जनप्रतिनिधि तथा कर्मचारीहरुको सहजिकरणको लागि अन्तरक्रिया, प्रशिक्षण कार्यक्रमहरुलाई निरन्तरता दिई न्यायीक सचेतना बृद्धिमा ध्यान दिइने छ ।

६. संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह :

गाउँकार्यपालिका अन्तर्गतका कर्मचारी तथा जनप्रतिनिधिहरु, नागरिक समाज, विकास साँझेदार सरकारी निकाय तथा गैरसरकारी संस्थासँगको समन्वय एवं सहकार्य मार्फत गाउँपालिकाबाट सम्पादन हुने कामकारवाहीहरुलाई चुस्त दुरुस्त र पारदर्शी रुपमा सञ्चालन गरी प्रभावकारी सेवा प्रवाहको नीति अबलम्बन गरिने छ । सोको लागि आवश्यक बजेट विनियोजन गरी तपसिल बमोजिमका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयनमा लगिने छ ।

- सहभागितामूलक विकास कार्यक्रमहरु सञ्चालन गर्न वडास्तरसम्म योजना तर्जुमा र कार्यान्वयन बिधि सम्बन्धि क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिकाको आर्थिक श्रोतमा बृद्धि गरी सुदृढ पार्नुपर्ने आवश्यकता अनुरुप करका दरका दायराभित्र रही सबैभन्दा बढि राजश्व उठाउन सफल वडा कार्यालयलाई सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँकार्यपालिकाको प्रशासनिक इकाइबाट प्रवाह हुने सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउने कार्यलाई विशेष प्राथमिकता दिइने छ ।
- सेवा प्रवाहमा आवश्यक पर्ने प्रशासनिक खर्चमा मितव्ययीता कायम गर्न अनुत्पादक खर्चहरु कटौती गरीने छ ।
- सचेतनामूलक तथा आयमूलक कार्यक्रमहरु कार्यान्वयन गर्न नीजि क्षेत्र, गैरसरकारी संस्था, सहकारी संस्था तथा सामूदायीक संस्थाहरुलाई परिपूरकको भुमिकामा परिचालन गरी कार्यक्रमहरुलाई प्रभावकारी बनाइने छ ।
- गैरसरकारी संस्थाहरुबाट सम्पादन हुने कार्यक्रमहरुलाई स्थानीय तहको स्वीकृति मार्फत आवश्यक स्थानमा सञ्चालन गरिने नीति लिइने छ ।
- सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण जस्ता कृयाकलापहरुलाई चौमासिक रुपमा सञ्चालन गरी सुशासन र पारदर्शिता कायम गर्न भूमिका खेलिने छ ।
- गाउँपालिका अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोबल बृद्धि तथा प्रोत्साहन स्वरुप कार्यसम्पादनका आधारमा पुरस्कृत एवं सजायको व्यवस्था गरिने छ ।

- समयानुकुल प्रभावकारी सेवा प्रवाह गर्न कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि तालीमलाई निरन्तरता दिइने छ ।
- डिजिटल सूचना प्रणालीको अवधारणालाई निरन्तरता दिइने छ ।
- सेवा प्रवाहमा हुने जटिलतामा न्यूनिकरण गर्न आवश्यक नीति, कार्यविधि, निर्देशिका तथा ऐन निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- आर्थिक पारदर्शिता र सुशासन कायम गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।
- आवश्यकता अनुसार कर्मचारीहरुको जिम्मेवारी हेरफेर गरी प्रशासनिक कामकारवाहीलाई प्रभावकारी बनाइने छ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई अझ सरल, पारदर्शी र प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र सहितको बायोमेट्रिक सिस्टमलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन लयाइनेछ ।
- कर्मचारीहरुमा अनुशासन तथा जिम्मेवारीबोध गराई सेवा प्रवाहमा नियमितता कायम राख्न वडा कार्यालय सहितको एकिकृत ई-हाजिरीको व्यवस्थापनलाई व्यवस्थित गरिनेछ ।
- आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनाको आधारमा योजना/कार्यक्रमहरुको प्राथमिकता निर्धारण गरिने छ ।
- व्यवसाय कर अशुलीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ । साथै करको प्रतिफल करदाताले पाउने व्यवस्थाको अबलम्बन गरिने छ ।
- विपन्न, पिछडिएका बर्ग, समुदाय तथा एकल महिला लक्षित आर्थिक विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- जेष्ठ नागरिकको सुरक्षा तथा सम्मानका कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- पालिकाभित्र कार्यरत संघसंस्थाहरुलाई दर्ता प्रक्रियामा ल्याई सेवा प्रवाहलाई प्रभावकारी बनाइने छ ।
- गाउँपालिका अन्तर्गतको जग्गालाई सम्बन्धित निकायसँगको समन्वयमा बर्गिकरण गरिने छ ।
- कर्मचारीहरुको मनोबल बृद्धिका लागि आवश्यकता अनुसार प्रोत्साहनका कार्यक्रमहरु ल्याइने छ।



CamScanner

आदरणीय सभाध्यक्ष ज्यू,

अब म आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु जुन यसप्रकार रहेको छ :

आय तर्फ :

| क्र.सं. | शिर्षक | श्रोत | रकम रु. | कै. |
|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | संघ | ९,२५,००,०००/(नौ करोड पच्चीस लाख) | |
| २ | राजश्व बाँडफाँड | संघ | १०,०३,०२,०००/(दश करोड तीन लाख दुई हजार) | |
| ३ | सशर्त अनुदान | संघ | २६,१९,००,०००/(छब्बीस करोड उन्नाइस लाख) | |
| ४ | बिशेष पुँजिगत अनुदान | संघ | १,०५,००,०००/(एक करोड पाँच लाख) | |
| ५ | समपुरक पुँजिगत अनुदान | संघ | १,८९,००,०००/(एक करोड उनानब्बे लाख) | |
| ६ | समानिकरण अनुदान | प्रदेश | ८२,६१,०००/(बयासी लाख एकसट्टी हजार) | |
| ७ | सवारी साधन कर (राजश्व बाँडफाँड) | प्रदेश | ३०,९०,०००/(तीस लाख नब्बे हजार) | |
| ८ | सशर्त अनुदान | प्रदेश | ३,१७,००,०००/(तीन करोड सत्र लाख) | |
| ९ | बिशेष अनुदान | प्रदेश | ६६,५०,०००/(छयासट्टी लाख पचास हजार) | |
| १० | समपुरक अनुदान | प्रदेश | १,८१,९३,०००/(एक करोड एकासी लाख त्रियानब्बे हजार) | |
| ११ | आन्तरिक श्रोत | स्था. | २५,००,०००/ (पच्चीस लाख) | |
| १२ | गत बर्षको मौज्दात | अ.ल्या. | ५०,००,०००/ (पचास लाख) | |
| | कूल जम्मा रकम | | ५५,९४,९६,०००/- (पचपन्न करोड चौरानब्बे लाख छयानब्बे हजार) | |

व्यय तर्फ :

| शिर्षक | खर्च क्षेत्र | रकम रु. |
|---|---|---|
| सशर्त अनुदान तर्फ | बिषयगत शाखा अन्तर्गत | २९,३६,००,०००/- |
| आन्तरिक श्रोत तथा राजश्व बाँडफाँड तर्फ | कर्मचारी त.भ. तथा पदाधिकारी पारिश्रमिक लगायत प्रशासनिक चालु खर्च (वडा तथा विषयगत शाखा सहित) | ११,६७,००,०००/- |
| बित्तिय समानिकरण तथा विशेष अनुदान तर्फ | समपुरक कोष | ४,६३,९३,०००/- |
| | पालिका तथा वडास्तरीय आयोजना, कार्यक्रम पुँजिगत तर्फ | १०,२८,०३,०००/- |
| कूल अनुमानित खर्च | | ५५,९४,९६,०००/- (पचपन्न करोड चौरानब्बे लाख छयानब्बे हजार) |

अन्त्यमा,

आफ्नो अमूल्य समय दिई सभामा उपस्थित हुनुहुने सभाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, गाउँकार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहन्छु ।

यस गाउँसभा सञ्चालन गर्नको लागि अहोरात्र खटिई सहयोग गर्नुहुने गाउँपालिकाका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

यो गाउँसभामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहनुभएका बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिज्यूहरु एवं हामिलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पुर्ण आदरणीय व्यक्तित्वहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सुरक्षा निकायका प्रमुखज्यू, पत्रकार ज्यूहरु, सरकारी तथा गैर सरकारी क्षेत्रका पदाधिकारी ज्यूहरु लगायत उपस्थित सम्पूर्ण व्यक्तित्वप्रति आभार तथा धन्यबाद प्रकट गर्दछु ।

प्रस्तुत कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर गाउँपालिका परिवार अगाडी बढ्ने विश्वास दिलाउँदै यस १९ औं गरिमामय गाउँसभाको सफलताको शुभकामना सहित यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै बिदा हुन्छु ।

धन्यवाद